स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं: २०८१/८२
च.नं.:

**हेलम्वु गाउँपालिकाको लोगो डिजाइन गर्ने सम्वन्धी सूचना!!**

(दोस्रो पटक प्रकाशित मिति २०८१।१०।०९)

प्रस्तुत विषयमा हेलम्बु गाउँपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक एवं अन्य विशिष्ट पहिचान झल्कने गरि प्रतिस्पर्धात्मक विधिवाट प्रतीक चिन्ह (लोगो) निर्माण गरि प्रयोगमा ल्याउने प्रयोजनार्थ गाउँपालिकाको (लोगो) निर्माण गर्न ईच्छुक व्यक्ति/संस्थाले तपसिलका शर्त पालना गर्दै सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरि गाउँपालिकाको इमेल ठेगाना ito.helambumun@gmail.com मार्फत वा सोझै गाउँपालिकामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उत्कृष्ट लोगो बनाउने व्यक्तिलाई गाउँपालिकाबाट सम्मान स्वरुप कार्यापालिकाको निर्णय बमोजिम पुरस्कारको समेत व्यवस्था गरिने छ ।

**लोगो डिजाइनको शर्तहरु:**

- लोगो गाउँपालिकाको पहिचान, भाव, विशेषता, तथा विशिष्टता झल्किने हुनुपर्दछ ।
- लोगोमा गाउँपालिकाको प्राकृतिक, सामाजिक, साँस्कृतिक, धार्मिक तथा भौगोलिक पहिचान, विशिष्टता झल्किनु पर्नेछ।
- लोगोमा प्रयोग भएका चिन्ह तथा शब्दावलीहरु मौलिक हुनु पर्नेछ ।
- लोगोमा समावेश भएका चिन्ह तथा संकेतहरुले कुनै जाति, धर्म, संकृति एवं राष्ट्रिय एकता र अखण्डतालाई खलल् पार्ने खालका हुनु हुँदैन।

**डिजाइन साथ पेश गर्नु पर्ने कागजातहरु:**

- डिजाइनरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- लोगोमा प्रयोग भएका रङ, शब्द तथा चिन्हहरुको अर्थ खुल्नेगरी संक्षिप्त व्याख्या ।

राजुभाई श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

"हेलम्बु गाउँपालिकाको अभियान, नमुना गाउँपालिकाको निर्माण"

E-mail: helamburm@gmail.com, info@helambumun.gov.np　　Website: www.helambumun.gov.np